# चिरख्वा हाइड्रापावर लि.को


## वार्षिक प्रतिवेदन

## विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| १. | छैंटौं वार्षिक साधारण सभासम्बन्धी सुचना | ३ |
| २ | साधारण सभासम्बन्धी सामान्य जानकारी | ४ |
| ३. | अध्यक्षको मन्तब्य | ५ |
| ४. | माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको (४.७ मे.वा) को विवरण | ७ |
| ५. | कम्पनी ऐन २०६३ को दफा १०९ को उपदफा (४) बमोजिम संचालक समितिको तर्फबाट कम्पनीको छैंटौं वार्षिक साधारण सभामा छलफल तथा स्वीकृतिको लागि आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन | ११ |
| ६. | आ.व. ०८०/०८१ को वार्षिक लेखापरिक्षण प्रतिवेदन | १७-६८ |
| ७. | कम्पनीको माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाका तस्विर साथै चौथो र पाँचौं साधारण सभाका झलकहरू | ६९ |


## चिरख्वा हाइड्रोपावर लि.को परिचय

| | |
|---|---|
| कम्पनी स्थापना भएको मिति | २०६५/०९/२७ |
| कम्पनी दर्ता नं. | ५९४५७ |
| उद्योग दर्ता नं. | २६८२ |
| पान नं. | ३०३५३२९१८ |
| पब्लिक लि. कम्पनीमा परिणत | २०७६/०३/२९ |
| विद्युत खरिद विक्री सम्झौता | २०७३/०३/०१ |
| विद्युत उत्पादन अनुमति पत्र | २०७३/११/११ |
| नेपाल धितोपत्र वोर्डमा सूचिकरण | २०८०/०३/२१ |
| शेयर बजारमा पहिलो कारोबार | २०८०/०९/०४ |
| ब्यवसायिक उत्पादन | २०८१/०२/२० |


माथिल्लो थिरख्या खोला
जलविद्युत आयोजना (४.४ मे.वा.)
कोशी प्रदेश
बाग्मती प्रदेश
गण्डकी प्रदेश
कर्णाली प्रदेश
लुम्बिनी प्रदेश
मधेश प्रदेश
सुदूर पश्चिम प्रदेश
ताप्लेजुङ
संखुवासभा
सोलुखुम्बु
भोजपुर
इलाम
झापा
मोरङ
सुनसरी
सप्तरी
उदयपुर
ओखलढुंगा
सिराहा
दोलखा
रामेछाप
सिन्धुली
सिन्धुपाल्चोक
काभ्रे
काठमाण्डौ
ललितपुर
रसुवा
नुवाकोट
धादिङ
मकवानपुर
बारा
पर्सा
चितवन
गोरखा
लमजुङ
मनाङ
तनहुँ
कास्की
मुस्ताङ
म्याग्दी
बागलुङ
पाल्पा
गुल्मी
अर्घाखाँची
कपिलवस्तु
प्युठान
रोल्पा
दाङ
बाँके
बर्दिया
सल्यान
पश्चिम रुकुम
डोल्पा
मुगु
हुम्ला
जुम्ला
जाजरकोट
कालिकोट
दैलेख
सुर्खेत
बाजुरा
बझाङ
अछाम
डोटी
कैलाली
दार्चुला
बैतडी
डडेलधुरा
कञ्चनपुर

# चिरख्वा हाइड्रोपावर लि.

## काठमाडौँ, नेपाल

### छैँटौँ वार्षिक साधारण सभासम्बन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू

यस चिरख्वा हाइड्रोपावर लि.को सञ्चालक समितिको मिति २०८१/११/२० गते बसेको बैठकको निर्णय अनुसार कम्पनीको छैँटौँ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.** मिति : २०८१ साल चैत्र २० गते बुधबार
समय : बिहान ९:०० बजे
स्थान : कुण्डलिनी रोयल्स, जोरपाटी, अत्तरखेल, काठमाडौँ

२. **वार्षिक साधारण सभामा छलफलका विषयहरू**

**क) सामान्य प्रस्तावहरू:**

१. आर्थिक वर्ष २०८०/२०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८०/०८१ का लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट तोकिएका लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।
३. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरणहरू उपर छलफल सम्बन्धमा ।
४. आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा ।
५. संचालक समितिले आर्थिक वर्ष २०८०/०८१ मा गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
६. संस्थापक शेयरधनी समूहको प्रतिनिधित्व गर्ने पाँच जना सञ्चालकहरूको निर्वाचन सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरू**

१. राष्ट्रिय बाणिज्य बैंकबाट लिएको ऋण कर्जा अनुमोदन सम्बन्धमा ।
२. आयोजनाहरूको पहिचान गरी उपयुक्त आयोजनामा लगानी/विकास गर्ने सम्बन्धमा ।

**(ग) विविध सम्बन्धमा**

**साधारण सभासम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१/१२/१२ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/१२/११ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेन्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको

आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन योग्य हुने व्यहोरा सबैमा जानकारीका लागि सूचित गरिन्छ ।

२. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा कायम रहेको निजहरूको ठेगानामा साधारण सभाको सूचना र कम्पनीको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरूले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस कम्पनीको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभाव/संस्थाहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ । अन्यथा सभा कक्षभित्र प्रवेश पाईने छैन । हाजिरी पुस्तिका बिहान ८:३० बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्नेछ ।

५. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा दर्ता भएको महानुभावहरूले सभामा भाग लिन र मतदान गर्न पाउनुहुनेछ ।

६. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तिमा ३६ घण्टा अगावै सोको सूचना कम्पनीको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वय उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

८. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी निर्वाचन अधिकृतलाई निवेदनसहित जानकारी गराएमा अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ । यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ ।

९. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

१०. थप जानकारीको लागि कम्पनीको वेवसाइटः www.chirkhwahydropower.com बाट साथै इमेलः chirkhwa@gmail.com, फोन नं. ०१-४५२४३८१, मा सम्पर्क राख्नसमेत अनुरोध गरिन्छ ।

# अध्यक्षको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरू,**



चिरख्वा हाइड्रोपावर लिमिटेडको छैंटौं वार्षिक साधारणसभामा भौतिक तथा अभौतिक रूपमा उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरू, संचालकज्यूहरू, कर्मचारी तथा विशेष आमन्त्रित सदस्यज्यूहरूमा कम्पनीको संचालक समितिको अध्यक्ष तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन गर्न चाहन्छु । यस गरिमामय सभामा संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

विद्युत उत्पादन गरि स्थानीय तथा राष्ट्रिय विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यका साथ शुरु गरिएको आयोजनाको मिति २०८१ बैशाख १४ गते आयोजनाको परिक्षण प्रसारण सम्पन्न गरी मिति २०८१ जेष्ठ २० गतेदेखि व्यवसायिक उत्पादन भइरहेको अवगत गराउन चाहन्छु ।

**शेयरधनी महानुभावहरू,**

आज यहाँहरू समक्ष आ.व. २०८०/०८१ सालको वासलात, आय व्यय सम्बन्धी वित्तिय विवरण, लेखापरिक्षण प्रतिवेदन यस गरिमामय सभाबाट अनुमोदनको लागि पेश गर्दै कम्पनीले आ.व. २०८०/०८१ मा प्राप्त गरेको उपलब्धी र मिति २०८१ साल पौष मसान्तसम्म भए गरेका महत्वपुर्ण कार्यको जानकारी समेत संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

कम्पनीले माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको निर्माणवाट केन्द्रिय प्रसारण लाइनमा विद्युत जोडी विद्युतको मागलाई थोरै भए पनि राज्यलाई सहयोग गर्न पाएकोमा खुशी लागेको छ ।

यस कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजी रु.४० करोड रहेको छ । कम्पनीको जारी पुँजीको ७० प्रतिशत संस्थापक र ३० प्रतिशत सर्वसाधारणलाई छुट्याउने निर्णय भएबमोजिम संस्थापक शेयरधनीहरूको रु. २८ करोड र सर्वसाधारणहरूको रु. १२ करोड भएको जानकारी गराउन चाहन्छु । स्थानीय वासिन्दा तथा कर्मचारीहरूको शेयर बाहेक अन्य शेयर मिति २०८०/०९/०४ गतेदेखि नेपाल स्टक एक्सचेञ्जमा सुचिकरण भई कारोबार भईरहेको छ । संस्थापक, स्थानीय वासिन्दा तथा कर्मचारीको शेयर भने २०८३/०७/१५ गते सम्म शेयर कारोबारमा बन्देज रहने र २०८३ कार्तिक १६ गतेबाट सर्वसाधारण शेयर सरह कारोबार हुने जानकारी गराउँदछु । जलविद्युत कम्पनीको संस्थापक तथा स्थानीय शेयरहरू सुचिकरण भई ३ वर्षसम्म Locking Period रहन्छ र सो पश्चात् संस्थापक र सर्वसाधारण शेयर भन्ने भेदभाव रहने छैन र सबै शेयर एउटै मुल्यमा किनबेच हुनेछ ।

यस कम्पनीको आयोजना माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) निर्माण गर्नका लागि राष्ट्रिय वाणिज्य बैंकसँग फाइनान्सियल क्लोजर गरेको हो ।

अन्त्यमा, यस कम्पनीलाई आजको यस अवस्थामा पुऱ्याउन सहयोग गर्नु हुने शेयरधनी महानुभावहरू तथा कम्पनीको काममा अथक मेहनत गर्न हुने सम्पूर्ण आयोजना सञ्चालन तथा व्यवस्थापकीय परिवारहरूमा मेरो व्यक्तिगत तथा कम्पनीको सञ्चालक समितिको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीमा लगानी गर्नुहुने शेयरधनी महानुभावहरू, ऊर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, विद्युत विकास विभाग, आयोजनामा

लगानी गर्ने बैंक परिवार, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ लि., आरविवि मर्चेन्ट बैंकिङ लि., आयोजना प्रभावित षडानन्द नगरपालिका, आयोजना प्रभावित परिवारहरूमा मेरो व्यक्तिगत तथा कम्पनीको सञ्चालक समितिको तर्फवाट हार्दिक आभार प्रकट गर्न चाहन्छु । कम्पनीले यस सभामा यहाँहरूको उपस्थितिबाट पाउने सल्लाह, सुझाव, सहयोग र सद्भभावले भावी कार्ययोजना तथा लक्ष्य प्राप्तिमा अमुल्य योगदान पुग्नेछ भन्ने हामीले विश्वास लिएका छौं ।

आफ्नो कामको व्यस्तताका बावजुद पनि भौतिक तथा अभौतिक रूपमा यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरूलाई धन्यबाद दिदैं संचालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरि अनुमोदनको लागि प्रस्तुत गर्दछु । धन्यवाद ।

अध्यक्ष

श्री दीपक राई

# चिरख्वा हाइड्रोपावर लि.को संचालनमा रहेको आयोजना
# माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको (४.७ मे.वा) को विवरण

यस चिरख्वा हाइड्रोपावर लि.ले भोजपुर जिल्ला षडानन्द नगरपालिका भई बग्ने ४७०० किलोवाट क्षमताको चिरख्वा खोलामा आयोजना निर्माण गरी संचालन भइरहेको छ । यस आयोजनाको मुख्य रुपरेखा तथा संक्षिप्त विवरणहरू यस प्रकार रहेका छन् ।

| **Project Location** | |
|---|---|
| Province | Koshi |
| District | Bhojpur |
| Intake Site | Khartamchha and Kudak Kaule |
| Powerhouse Site | Nepaldada and Mulpani |
| Geographical Co-ordinates | |
| Latitude | 27° × 21' 23"N to 27°× 22'30"N |
| Longitude | 87°× 4' 48' E to 87° 06' 32"E |
| **General** | |
| Name of River | Chirkhuwa Khola |
| Nearest Town | Tumling Tar |
| Type of Scheme | Run-of-river |
| Gross Head | 256.32 m |
| Net rated Head | 246.21 m |
| PPA Capacity | 4,700 kW |
| Average Annual Energy after Outage | 27.916 GWh |
| **Hydrology** | |
| Catchment Area | 45.50 $Km^2$ |
| Mean Annual Discharge | 2.859$m^3$/s |
| Design Discharge (at Q 40% POE) | 2.35$m^3$/s |
| Riparian Release | 0.059$m^3$/s |
| Design Flood Discharge | 228$m^3$ / s 100 Yr. floods) |
| Average Annual Precipitation | 1844 mm |
| **Diversion Weir** | |
| Type of Weir | Gravity Type Non-gated Overflow Weir |
| Crest Length of Spillway | 15 m |
| Weir Crest Level | EL. 856.32 m |
| Height of Weir | 2.32 m from river bed |

| | |
|---|---|
| Under-sluice gate (WH) | 4m × 3m |
| Invert Level of Undersluice | EL. 854.20 m |
| **Intake Structure** | |
| Type of Intake | Side Intake, Orifice Type |
| Nos. Of Opening | 2 (Two) |
| Size Intake Opening (W×H) | 2.5m × 1.2m |
| Invert Level of Sill | EL. 855 m |
| **Gravel Trap** | |
| Length | 8 m |
| Size (W×D) | 1.5m × 2m |
| Flushing Conduit Size | 0.75m × 0.75m |
| Flushing Conduit Length | 25 m |
| **Power Canal** | |
| Type | Open Rectangular |
| Length | 25 m |
| Size (W×D) | 1.5m × 2m |
| Canal Bed Slope | 1 in 1000 |
| **Setting Basin** | |
| No. of Basins | Two (2) |
| Target Particle Size | 0.15 mm |
| Transition Section | 20.60 m (L) |
| Parallel Sector Size | 35m(L) × 4m(W) × 2.8(H) |
| Ma. Water Level at Settling Basin | EL. 855.71 m |
| Outlet Orifice | Submerged, 2 Nos, 1.35m×0.375m |
| **Headrace Pipe** | |
| Material | Steel Pipe |
| Diameter | 1.40 m |
| Length | 3200 m |
| Thickness | 8 mm |
| **Forebay** | |
| Type | Open, Surface |
| Capacity | 275 $m^3$ |
| Length | 30 m |
| Size | 6m × 2.5m(BH) |

| | |
|---|---|
| Normal Water Level | EL. 851.10 m |
| **Steel Penstock Pipe** | |
| Material | MS welded Pipe |
| Internal Diameter | 611.50 m |
| Length | 0.70 m |
| Diameter of bifurcation | 8 mm-16 mm |
| Steel Thickness | 11 |
| Nos of Anchor Blocks | 10 m |
| Average Length of trifurcation | MS welded Pipe |
| **Powerhouse** | |
| Type | Surface |
| Size (L x W) | 19 m x 10.80 m |
| Height | 7.50 m above plinth level |
| Switchyard | Outdoor Type |
| **Tailrace Canal** | |
| Type | Rectangular, I Stone Masonry |
| Length | 30 m |
| Canal size | 1.70 m (W) x 1.10 m (H) |
| Turbine | |
| Type | Horizontal Axis, Pelton |
| Number | Two (2) |
| Rated Output Capacity per unit | 2,610 kW |
| RPM | 600 |
| Efficiency | 90% |
| Governor | |
| Type | Electronic with PID Control |
| Adjustment for Speed Drop | Between 0 to 5% |
| **Generator Type** | |
| Rated Output Capacity per Unit | Synchronous, 3 Phase |
| Power Factor | 2,765 KVA |
| Voltage | 0.85 |
| Frequency | 6.3 kV |
| No of Units | 50 Hz. |
| Excitation System | Two (2) |

| | |
|---|---|
| Efficiency | Brushless |
| **Transformer** | |
| Type | Single phase, ONAN, Outdoor |
| Nos of Unit | 4 (3×1 + 1 Spare) |
| Rated Capacity per Unit | 1,900 KVA |
| Vector Group | YNd 11 |
| Voltage Ratio | 33 kV/6.3 kV. |
| Efficiency | 99% |
| **Transmission Line** | |
| Voltage level | 33 kV |
| Length | 10 km |
| Conductor | ACSR "DOG" |
| From | Powerhouse |
| To | NEA Proposed Khadhbari Substation. |
| **Project Cost Estimate** | |
| Project Cost Estimate | Project Cost Estimate |
| Construction Period | 36 Months |
| Other | |

# कम्पनी ऐन २०६३ को दफा १०९ को उपदफा (४) बमोजिम संचालक समितिको तर्फबाट कम्पनीको छैंटौं वार्षिक साधारण सभामा छलफल तथा स्वीकृतिको लागि आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

कम्पनीको छैंटौं वार्षिक साधारण सभामा म यहाँहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु । म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन र सोही वर्षको लेखापरीक्षण भएका वित्तिय विवरणहरू सभा समक्ष स्वीकृतिको लागि प्रस्तुत गर्न गइरहेको छु । साथै यस अवसरमा कम्पनीले समिक्षा अवधिमा सम्पन्न गरेका कार्यसम्पादन विवरणहरू संक्षिप्त रूपमा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

## (क) आ.व. २०८०/०८१ को कारोबारको संक्षिप्त अवलोकन

यस आयोजनाको विनयोजित रकम रु ९१ करोड मध्ये बैंक तर्फबाट ६० प्रतिशत र स्वपूँजी तर्फबाट ४० प्रतिशत हुनेगरी राष्ट्रिय वाणिज्य बैंकसँग वित्तिय व्यवस्थापन गरिएको र आर्थिक वर्ष २०८०/०८१ सम्म स्वपूँजी वापत रु. २८ करोड, बैंक तर्फबाट दीर्घकालिन कर्जा रु. ५५ करोड ५ लाख १८ हजार ४ सय ४१ रुपैंया र अल्पकालिन तर्फ बैंकबाट रु. १ करोड ४५ लाख ४९ हजार ९ सय ९० रुपैंया तथा संचालक, शेयरधनी र बाह्य श्रोतबाट रु. ५ करोड २० लाख ४८ हजार ८ सय गरी रु. १ अर्ब १ करोड ७१ लाख १७ हजार २ सय ३१ रुपैया लगानी भएको व्यहोरा अवगत गराउन चाहन्छु । उक्त रकम सिभिलतर्फ रु. ३७ करोड २ लाख ९२ हजार ४ सय ६९, सामाजिक खर्च तर्फ रु. ६९ लाख ५६ हजार पाँच ९ सय ७७ रुपैया, हाइड्रोमेकानिकल तर्फ रु. १६ करोड ६६ लाख २० हजार २ सय २७ रुपैया, इलेक्ट्रोमेकानिकल तर्फ रु. १२ करोड ७९ लाख २१ हजार ८ सय ८४ रुपैयाँ, प्रिअपरेटिङ तर्फ रु. ३ करोड ७८ लाख ४६ हजार ४ सय १९ रुपैयाँ, प्रसारण लाइन तर्फ रु. ५ करोड ३१ लाख ११ हजार २ सय २४ रुपैया, प्रोजेक्ट सुपरभिजन एण्ड मेनेज्मेन्ट तर्फ रु. ११ करोड ८७ लाख ८३ हजार ३ सय १० रुपैया, इन्फ्रास्ट्रक्चर्स एण्ड डेभलपमेन्ट तर्फ २ करोड ७२ लाख ४४ हजार २ सय ५ रुपैयाँ, आइडिसी वापत रु. १३ करोड ९८ लाख ४४ हजार ३ सय ६० रुपैयाँ, जग्गा साथै अन्य सम्पत्ति गरी रु. ४ करोड १२ लाख १८ हजार ४ सय ३४ रुपैया खर्च भएको जानकारी गराउँदछौं ।

साथै यहि आ.व.को जेठ २० मा हाम्रो आयोजनाको COD भएको र अषाढ मसान्त भित्र नेपाल विद्युत प्राधिकरणमा १ करोड ११ लाख ९४ हजार ७५२ रुपैयाँ बराबरको विद्युत विक्री गर्न सफल भयौं । उक्त आम्दानीबाट नेपाल विद्युत प्राधिकरणले असार मसान्त भित्र ब्याक फिड इनर्जी बापत रु. १३ हजार १ सय ७६ रुपैयाँ, ढिलो व्यवसायिक उत्पादन गरे वापत रु. ५१ लाख ५९ हजार ४९२ रुपैँयाँ कट्टा गरी ३२ लाख ९६ हजार २ सय २० आगामी आर्थिक वर्ष ०८१/०८२ मा मिलान गर्ने गरी लिनुपर्नेमा देखायो । त्यस्तै रोयल्टी खर्च वापत २ लाख २३ हजार ६ सय ३१ रुपैंयाँ, सर्ट सप्लाई वापत ८ लाख ६२ हजार ५ सय ९० कट्टा गरी कम्पनीको ESCROW खातामा जम्मा हुने गरी रु. ४९ लाख ३५ हजार ८ सय ६२ रुपैयाँ दिनु पर्ने देखायो । साथै COD पश्चात असार मसान्त भित्र २ करोड ७१ लाख १६ हजार ४ सय ४९ रुपैया संचालन खर्च भएको छ । यस खर्च भित्र बैंकको ब्याज वापत रु. ६४ लाख ४७ हजार ५ सय ६५ रुपैंया, कर्मचारी तलब तथा भत्ता वापत १४ लाख ४१ हजार ४ सय ८३

रुपैँया, मर्मत तथा सम्भार बापत ११ लाख ६९ हजार ९ सय ७४ रुपैया, कार्यालय कोठा भाडा वापत रु. ८५ हजार ७ सय ५० रुपैयाँ, डेप्रिसिएसन तथा अमोर्टटाइजेसन खर्च वापत ५२ लाख ५ हजार ३ सय ७३ रुपैया तथा व्याक फिड इनर्जी बापत रु. १३ हजार १ सय ७६ रुपैयाँ ढिलो व्यवसायिक उत्पादन भएवापत रु. ८४ लाख ५५ हजार ७१२ रुपैँयाँ, रोयल्टी खर्च वापत २ लाख २३ हजार ६३१ सर्ट सप्लाई वापत ८ लाख ६२ हजार ५९० तथा अरु प्रशासनिक खर्च वापत ३२ लाख ११ हजार १ सय ९४ रुपैया खर्च भएको छ ।

### (ख) कम्पनीको व्यवसायिक सम्बन्ध

चिरख्वा हाइड्रोपावर लि.को माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) निर्माणको क्रममा सबै क्षेत्रबाट यथेस्ट सहयोग मिलेका कारण सफलतापूर्वक संचालनमा आयोजना आएको छ । यो सफलताले आयोजनाको निर्माण कार्यमा लागेका र यो सँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहनु भएका सबैलाई खुशी तुल्याएको छ । कम्पनीको व्यावसायिक सम्बन्ध मूलतः नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत नियमन आयोग, विद्युत विकास विभाग, नेपाल बिद्युत प्राधिकरण, राष्ट्रिय वाणिज्य बैंक लि., नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ लि., नेपाल स्टक एक्सचेन्जसँग सुमधुर सम्बन्ध रहेको छ । त्यसैगरी आयोजनाहरूमा निर्माण गर्ने निर्माण कम्पनीहरू तथा निर्माणको क्रममा सहयोग प्रदान गर्नुहुने स्थानीय निकाय, जग्गा दाता, वन उपभोक्ता समिति तथा आयोजना प्रभावित परिवारहरूसँग सुमधुर सम्बन्ध रहेको छ ।

### (ग) सञ्चालक समिति

यस कम्पनीमा हाल ९ जना सञ्चालकहरूमा ५ जना संस्थापक र २ जना सर्वसाधारण तथा २ जना स्वतन्त्र संचालक हुनुहुन्छ । यस कम्पनीका संस्थापक संचालकहरूको कार्यअवधि पुगेका कारण संस्थापक शेयरधनीहरूमध्येबाट ५ जना संस्थापकहरूको प्रतिनिधित्व गर्ने संचालकहरू आजको साधारण सभाले चयन गर्नेछ । संचालक समितिको बैठकमा उपस्थित पदाधिकारीहरूको बैठक भत्ता रु. ५,०००/- दिने व्यवस्था गरेको छ ।

**सञ्चालक समिति**

| | | |
|---|---|---|
| १. | श्री दिपक राई | अध्यक्ष |
| २. | श्री केदारनाथ कार्की | संचालक |
| ३. | श्री गणेशमान सिंह कार्की | संचालक |
| ४. | श्री आङ दोर्जी लामा | संचालक |
| ५. | श्री दावा जाङमू श्रेष्ठ (लामा) | संचालक |
| ६. | श्री आनन्दमणी राउत | संचालक (सर्वसाधारण) |
| ७. | श्री प्रतिक्षा पौडेल | संचालक (सर्वसाधारण) |
| ८. | श्री पहाड श्रेष्ठ | स्वतन्त्र संचालक |
| ९. | श्री आङ टासी लामा | स्वतन्त्र संचालक |

### (घ) संस्थागत सामाजिक दायित्व

यस कम्पनीले आयोजना निर्माणका साथसाथै आयोजना प्रभावित क्षेत्र तथा प्रत्यक्ष प्रभावितहरूको लागि कम्पनीले आफ्नो तर्फबाट निभाउनु पर्ने संस्थागत सामाजिक उत्तरदायित्व निभाउँदै आएको छ । आयोजना प्रत्यक्ष प्रभावित क्षेत्रमा रहेका सामाजिक

संस्थाहरू आयोजना क्षेत्र अन्तर्गतमा परेका बाटाहरू मर्मत सम्भार नियमित रुपमा संचालन गरिरहेको छ । साथै प्रचलित कानुन बमोजिम कर अघिको नाफाको १ प्रतिशतले हुन आउने रकम सामाजिक उत्तरदायित्व कोषमा छुट्याई सामाजिक कार्यहरूमा खर्च गर्ने व्यवस्था छ ।

**(ङ) संस्थागत सुशासन**

कम्पनी असल संस्थागत सुशासनका लागि प्रतिवद्धता जनाउँदै कम्पनी इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न कम्पनी प्रयत्नरत छ । संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष्य, मूल्य मान्यता, व्यवसायको नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी प्रचलित नियमहरू तथा निर्देशिकाहरूको पूर्णरूपमा पालना गर्न कम्पनी प्रतिबद्ध रहेको छ । प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ ।

**(च) आन्तरिक नियन्त्रण प्रणाली**

आन्तरिक नियन्त्रण प्रणली प्रभावकारी बनाउन सम्बन्धित ऐन, नियम तथा विनियमावलीहरू परिपालना गरिएको छ । आन्तरिक लेखा प्रणाली सबल बनाई राख्न कम्पनी ऐन, २०६३ को दफा १६४ को अधिनमा रही समितिको निर्देशन एवम् अनुगमनमा कम्पनी लेखा संचालन हुँदै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**(छ) आर्थिक वर्ष ०८०/०८१ मा संचालक समितिले गरेका मुख्य मुख्य निर्णयहरू**

आर्थिक वर्ष २०८०/०८१ मा कम्पनीमा संचालक समितिको बैठकले देहायका मुख्य प्रस्तावमा छलफल गरी निर्णय गरिएको छ ।

| क्र.सं. | मिति | मुख्य मुख्य प्रस्ताव तथा निर्णयहरू |
|---|---|---|
| १. | २०८०/४/५ | धितोपत्र बोर्डमा विवरण पत्र दर्ता गर्ने |
| २. | २०८०/४/१४ | इएमका सप्लिमेन्ट्री सामग्री खरिद गर्ने, इन्टेकमा कामदार बस्ने क्याम्प निर्माण गर्ने, आयोजनामा प्रयोग नभएका तार तथा पोलहरू विक्री गर्ने |
| ३. | २०८०/५/२६ | श्रम स्वीकृति लिई विदेशमा बस्ने नेपालीहरूका लागि शेयर बाँडफाँड |
| ४. | २०८०/६/८ | म्युचुल फण्डलाई शेयर बाँडफाँड |
| ५. | २०८०/६/१९ | पुरक आइइ गर्ने, पावर हाउसमा अपरेसन टीम ब्यवसथापन गर्ने |
| ६. | २०८०/७/१६ | सर्वसाधारण तर्फको शेयर बाँडफाँड, शेयर रजिष्ट्रार नियुक्त गर्ने |
| ८. | २०८०/७/२० | नेपाल स्टक एक्चेन्जमा सुचीकरण गर्न, सिडिएस एण्ड क्लियरिङमा अभौतिकरण गर्ने |
| ९. | २०८०/८/१५ | ट्रान्समिसन लाइनमा परेका रुखहरूको क्षतिपूर्ति उपलब्ध गराउने, आयोजना निर्माण सम्पन्न गर्न रकम संकलन गर्ने |
| १० | २०८१/१/१९ | आयोजना उद्घाटन गर्ने, कवाडी सामग्री विक्री गर्ने, बैंकसँग थप कर्जा माग गर्ने |

| | | |
|---|---|---|
| ११ | २०८१/२/२७ | आयोजना निर्माण सम्पन्न भएको जानकारी, संचालक समितिको तर्फबाट ०७९/०८० को लेखारिपरिक्षण प्रतिवेदन पारित गर्ने, साधारण सभा गर्ने |
| १२ | २०८१/३/२ | निर्वाचन निर्देशिका पारित गर्ने, निर्वाचन अधिकृत नियुक्ती गर्ने, प्रोपटी इन्स्युरेन्स गर्ने, |
| १३ | २०८१/३/१८ | ०७९/०८० को संचालक समितिको प्रतिवेदन पारित गर्ने, प्रोपटी इन्स्युरेन्स गर्ने, |

**(ज) कम्पनीको शेयर बजार मूल्य**

मिति २०८०/०३/२१ गते नेपाल धितोपत्र वोर्डमा सुचिकृत भई मिति २०८०/०९/०४ गते नेपाल स्टक एक्सचेञ्जमा दर्ता गरी दोश्रो बजारमा कारोबार भईरहेको छ । यस आ.व. २०८०/०८१ मा यस कम्पनीको प्रति कित्ता अधिकतम मूल्य रु. ६८६/८० र शुरु कारोबार तथा न्युनतम मूल्य रु. ३००/- रहेको थियो भने हालसम्म कम्पनीको कारोबार अधिकतम रु. ९१० रुपैँया सम्म पुगेर कारोबार भइरहेको छ ।

**(झ) कम्पनीको भावी योजना एवम् कार्यक्रमहरू**

नयाँ आयोजनाहरूको पहिचान तथा अध्ययन गर्न नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृती लिई नेपालका नदी तथा खोलाबाट विभिन्नस्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने मुख्य लक्ष्य राखी वायुशक्ति, सौर्यशाक्ति वा अन्य विकसित प्रविधिसँग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्नेछ ।

**(ञ) चालु आर्थिक वर्षको दोश्रो त्रैमासिक अवधिसम्मको उपलब्धि तथा लक्ष्य ।**

यस कम्पनीले आ.व. ०८१/०८२ को दोश्रो त्रैमास विवरण प्रकाशित गरिसकेको छ । दोश्रो त्रैमासमा बैंकबाट थप कर्जा वापत रु. १३ करोड ८७ लाख ५२ हजार रुपैयाँ प्राप्त भए पश्चात पौष मसान्त सम्मको प्रकाशित वित्तिय विवरण अनुसार बैंकबाट दीर्घकालिन ऋण रु. ६९ करोड ६२ लाख ५० हजार १२९ रुपैया प्राप्त भएको छ भने अल्पकालिन ऋणतर्फ ७५ लाख रुपैया ओभरड्राफ्ट कर्जा र संचालक, शेयरधनी तथा बाह्य व्यक्तिहरूबाट रु ४ करोड ६० लाख रुपैँया प्राप्त भएको जानकारी गराउँदछौँ ।

| क्र.सं. | खर्चका शीर्षकहरू | भएका खर्चहरू |
|---|---|---|
| १. | निर्माण पूर्वका खर्चहरू | ३,७८,४६,४१८/- |
| २. | सिभिल निर्माणको खर्च | ४४,८०,३२,०४९/- |
| ३. | हाइड्रो मेकानिकल को खर्च | १८,५३,२१, ०१६/- |
| ४. | इलेक्ट्रो मेकानिकल खर्च | १२,७९,२१,८८४/- |
| ५. | ट्रान्समिसन लाइन खर्च | ५,३१,११, २२४/- |
| ६. | पुर्वाधार तथा विकास खर्च | २,७२,४४,२०५/- |

| | | |
|---|---|---|
| ७. | सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्च | ६९,५६,९७७/- |
| ८. | आयोजना निर्माण परामर्श तथा व्यवस्थापन खर्च | ११,८७,८३,३१०/- |
| ९. | आयोजना निर्माण हुँदाका बखत बैंक ब्याज | १३,९८,४४,३६०/- |
| १०. | जग्गा तथा अन्य सम्पति | ४,१२,१८,४३४/- |
| | **जम्मा** | **१,१८,६२,७९,८७७/-** |

यस आ.व. ०८१/०८२ को दोश्रो त्रैमाससम्म नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री वापत रु. ७ करोड ६४ लाख ९६ हजार ४ सय ४८ रुपैँया आम्दानी भएको जानकारी गराउँदछु । यस अवधि भित्र ब्याक फिड इनर्जी बापत रु. ५ हजार ७ सय २४ रुपैयाँ, सर्ट सप्लाई २२ हजार ५६ रुपैँया, रोयल्टी खर्च वापत १५ लाख ३१ हजार ११७ रुपैयाँ भने कर्मचारी तलब तथा भत्ता वापत रु. ३८ लाख २२ हजार ३ सय ६७ रुपैँया, मर्मत तथा सम्भार बापत ५९ लाख ५६ हजार ९ सय ८० रुपैँया, कार्यालयको कोठाभाडा वापत रु. ४ लाख ९ हजार ९ सय ९९ रुपैया तथा डेप्रिसिएसन तथा अमोर्टटाइजेसन खर्च वापत २ करोड ९ लाख १६ हजार ९ सय ७२ रुपैया, बैंकको ब्याज २ करोड ६९ लाख ६५ हजार ८ सय ७९ र अन्य संचालन खर्च वापत ५४ लाख ४ हजार ८ सय ७२ रुपैया रहेको छ ।

कम्पनीले मासिक लक्ष्यअनुसार ९५ प्रतिशत भन्दा माथि विद्युत उत्पादन गरिरहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

| महिना | लक्ष्य (किलोवाट) | उपलब्धि (किलोवाट) |
|---|---|---|
| बैशाख | २०५६७५९ | |
| जेष्ठ | ३०९८५०७ | ३८४९६० |
| अषाढ | ३३९४८२९ | १९७२३६० |
| श्रावण | ३२८८७४० | ३०४७२०० |
| भाद्र | ३२८८७४० | ३१८५७७० |
| आश्विन | ३२८८७४० | ३१९५६०० |
| कार्तिक | ३१८२६५२ | २७४९१७० |
| मंसिर | २१२६९९४ | १७७३९० |
| पौष | १४४१६५६ | ११६५४९० |
| माघ | ९७४६७६ | १००४७७० |
| फागुन | ८४२४५५ | ८५३८४० |
| चैत्र | ९३१४३९ | |

### (ज) धन्यवाद ज्ञापन

अन्त्यमा, यस कम्पनी प्रति शेयरधनी महानुभावहरूले देखाउनु भएको आस्था, सदासयता तथा विश्वासप्रति हार्दिक धन्यबाद तथा कृतज्ञता ज्ञापन गर्दछु । कम्पनीले निर्माण गरेको माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको सर्वेक्षण तथा उत्पादनको अनुमति प्रदान गर्ने उर्जा मन्त्रालय तथा विद्युत विकास विभाग, नियमनकारी निकाय विद्युत नियमन आयोग, कम्पनी रजिष्ट्रार कार्यालय, आयोजनाबाट उत्पादित विद्युत शक्ति खरिद गर्ने नेपाल विद्युत प्राधिकरण, आयोजना निर्माण गर्न स्थानीय निकायबाट सहमति प्रदान गर्ने षडानन्द नगरपालिका, स्थानीय सामुदायिक वन उपभोक्ता समिति, स्थानीय जग्गा दाता तथा आयोजना प्रभावित परिवार, संघसंस्था, राजनीतिक दलहरू, स्थानीय समाजसेवी जसको सहयोग विना यो आयोजना कल्पना नै गर्न सकिन्नथ्यो, वहाँहरू सबैलाई कम्पनीको तर्फवाट हार्दिक कृतज्ञता तथा धन्यबाद दिन चाहन्छु । आयोजना निर्माणमा अहोरात्र खटिनु हुने टेक्निकल कन्सल्टेन्ट श्री गोरखा हाइड्रो एण्ड इन्जिनियरिङ प्रा.लि., सिभिल निर्माण तर्फ पी.एस. कन्स्ट्रक्सन कम्पनी प्रा.लि., प्रसारण लाइन निर्माण गर्ने रविन निर्माण सेवा प्रा.लि. हाइड्रोमेकानिकल कन्ट्राक्टर प्रेसाइज हाइड्रो, वित्तिय सहयोग प्रदान गर्नुहुने राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शेयर विक्री प्रबन्धक तथा शेयर रजिष्ट्रार आरविवि मर्चेन्ट बैंकिङ लि. प्रति हार्दिक धन्यवाद तथा कृतज्ञता प्रदान गर्दछु ।

अन्त्यमा, यस कम्पनीले विकास तथा निर्माण गरेको माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालन कार्यमा अथक मेहनत गर्ने तथा आयोजना सुचारू रूपमा सञ्चालन गर्ने कर्मचारी साथीहरूमा कम्पनीको सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फवाट सहृदय धन्यवाद दिन चाहन्छु । आफ्नो कामको व्यस्तता बावजुत पनि यस सभामा उपस्थित भई तथा भर्चुवल माध्यमबाट यस कार्यक्रमा भाग लिई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरूलाई धन्यबाद दिदै संचालक समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु । धन्यवाद

दीपक राई
अध्यक्ष
संचालक समिति